# प्रभावशाली सुसमाचार प्रचार



## पाष्टरीय तालीम पुस्तिका

## ५

## तालीम र वृद्धि

T&M ®

# सुसमाचार प्रचार हुन सकेमा मण्डलीको वृद्धि हुन्छ

आफ्ना मण्डलीहरुमाथि प्रभु येशूको खीष्टको सर्वोच्च अधिकार लाई हामीले मानिलिनु पर्दछ। जब मण्डलीले उहाँको आज्ञा पालन गर्दछ, मण्डलीको वृद्धि हुन्छ अनि यसले पुनरुत्पादन गर्दछ। उद्भिदले जस्तै मण्डलीले पनि आफू जस्तै पुनरुत्पादन गर्न सक्तछ (मर्कुस ४:२६-२९)। कुनै एक स्थानीय मण्डलीको वृद्धिको निम्ति, प्रभु येशूको सुसन्देश प्रचार भइर हेको हुनुपर्दछ। यो जिम्मेवारीसँग हामी थकित नबनौं। पर मेश्वरको आशिषमा हामीले चाँडै फसलको कटनी गर्नेछौं।



ज्यू, तपाईले ठीकै भन्नुभयो । मानिसहरु हाम्रा सेवा-संगतिहरुमा आउन थाल्दा हामीले सुसमाचार प्रचारको काम रोकिपठाउँछौं । यसरी मण्डलीको वृद्धि रोकिन्छ ।



हामीले मानिसहरुलाई सुसमाचार प्रचार गर्न रोक्नै हुँदैन । यो ता मण्डलीको रक्त-संचार हो । हामीले मानिसहरुलाई ठूला ठूला तालीमहरु दिनुभन्दा अघि, हामीले सुसमाचार प्रचारलाई दैनिक अनि सदाकालीन व्यवहारमा उतार्न चाहनुपर्दछ– एउटा बानी बनाउनु पर्दछ ।



# आफ्ना आफन्तहरु अनि मित्रहरुलाई पहिले सुसमाचार प्रचार गरौं

साधारणतया हाम्रा आफ्नै मित्रहरु अनि आफन्तहरुको परिवर्तनद्वारा मण्डलीको वृद्धि हुन्छ। उनीहरुले अन्जान व्यक्तिमा भन्दा बढी हामीमा भरोसा राख्न सक्छन्। उदाहरणको निम्ति, एक नयाँ विश्वासीले आफ्ना बाबु अनि दाज्यूलाई प्रभुमा ल्याउँछ। त्यसपछि उसले तिनीहरुलाई उनीहरुको मित्रहरु र आफन्तहरुलाई प्रभुमा जित्ने काममा सहयोग प्रदान गर्दछ। हरेकले आफ्ना नजीककाहरुलाई सुसमाचार प्रचार गर्दछ। फलस्वरुप, सारा समुदायभरि सुसमाचार नफैलिऊञ्जेल यो अभियान परिवार अनि मित्रहरुको माझमा वृद्धि भइरहन्छ।



जब हामीले प्रेम र परमेश्वरको वचनलाई मिलाउँदछौं, हामीले प्रभावशाली ढंगमा साक्षी दिनसक्छौं रोमी १:१६, १०:१७, १ कोरन्थी १३:१

☐ यी तीन पदहरु पढिसकेपछि यो बक्समा चिन्ह लाउनोस् ।




जब विश्वासी अनि उसका आफन्तहरु र साथीहरुको माझमा भएको प्रेमिलो अनि स्वाभाविक सम्बन्धको आधारमा परमेश्वर को अनुग्रहलाई संचार गर्दछौं अथवा फिँजाउँछौं, मण्डलीको वृद्धि हुनजान्छ ।

राम्रो फसल कटनी गर्नको लागि सुसमाचारमा अघि नै खुला मन भएका मित्रहरु अनि आफन्तहरुमा हामी हाम्रो प्रयास जारी राख्छौं । अभिरुची नलिनेहरुमाथि तपाईको समय खेरो नफाल्नोस् ।




# सारा परिवारलाई एक साथ जित्नोस्

कहिले-काँही हामी सुसमाचारमा अति रुची लिने व्यक्तिलाई साक्षी दिन्छौं, तर उसले प्रभुमा आफ्नो जीवन सुम्पन भने चाँहदैन । किन उसले समर्पित हुने इच्छा गर्दैन ? प्रायः जसो गरी उसको पारिवारिक तथा मित्रताको घेरोको कारण ।

# आफन्त भाइहरु

छिमेकी

बहु

द्याज्दू भइहरु

ग्राम

हाकिम

सहकर्मीहरु

आफ्नो परिवारका सदस्यहरु अनि साथीहरुसित सुसमाचारबारे छलफल नगरुञ्जेल कुनै पनि व्यक्ति ख्रीष्टलाई इमान्दारपूर्वक पछ्याएको हुँदैन । उसले उनीहरुलाई सुसमाचार सुनाउन सकून् भनेर हामी उसलाई सहायता पुऱ्याऔं । जब उसले आफ्ना परिवारकाहरुसँग आफ्नो विश्वास बाँड्दछ, तब पवित्र आत्माले ख्रीष्टमा भएको उसको विश्वासलाई निश्चित तुल्याइदिनुहुन्छ (रोमी १०:९,१०)। पछिबाट, ती अन्य व्यक्तिहरुलाई पनि प्रभु जित्न सजिलो पर्छ ।

जब सारा परिवार परिवर्तन हुन्छ, तब हरेक सदस्यले एकाअर्काको सपोर्ट महसूस गर्दछ । उनीहरुले एकाअर्कालाई उत्साहित पार्दछन् । विश्वासमा आएको सदस्यलाई परिवार बाट अलग गर्नाले अझ गम्भीर समस्या आउन सक्छ । कति पटक ता हामीले केही गर्न सक्तैनौं । परिवारले कुनै रुची

नलेला, वा हामीदेखि टाडिएर रहला । यस्तो बेला त्यस्तो नयाँ विश्वासीको निम्ति हामीले एक आत्मिकी परिवार भेटाइदिनु राम्रो हुने छ । खीष्टमा हाम्रो एकत्व रगतको सम्बन्ध भन्दा बलियो हुनसक्छ ।

साताभरि तपाईले विशेष गरी कोसित कुराकानी गरिरहनु भएको हुन्छ ? यिनै व्यक्तिहरुलाई तपाईले सुसमाचार सुनाएको परमेश्वर चाहनुहुन्छ । तपाईले सुसमाचार सुनाउन चाहनु भएका आफन्तहरु र मित्रहरुको नाउँ लेख्नोस् :

जब कुनै व्यक्तिले प्रभुलाई ग्रहण गर्दछ, उसको परिवार र मित्रहरुलाई सुसमाचार लैजाने काममा उसलाई सहयोग गर्नुहोस् । (प्रेरित १६:३०-३४, यूहन्ना ४:३४-४२)

☐ पढ्ने काम पूरा गरियो

पत्रुसले कर्नेलियसको घरमा प्रचार गरे अनि त्यहाँ भएका सबैले खीष्टलाई ग्रहण गरे (प्रेरित १०:४४)। यसको रहस्य यही थियो कि कर्नेलियसले आफ्ना आफन्तहरु अनि नजीकका मित्रहरुलाई आफ्नो घरमा निम्त्याएका थिए (प्रेरित १०:२४)।

☐ पढ्ने काम पूरा गरियो

यूहन्ना १:४०-५१ मा कसरी साक्षी दिइएको छ, त्यो उदाहरण पढनोस् अनि विचार गर्नोस् ।

☐ पढ्ने काम पूरा गरियो



# सारांश जाँच

अपरिचितलाई भन्दा आफन्तहरु र मित्रहरुलाई प्रभुमा जित्न सजिलो हुन्छ। किन ?

---

---

धेरै परिवारका सम्पूर्ण सदस्यहरु विश्वासी भएको मण्डली नै बलियो मण्डली हुन्छ। किन ?

---

---

# अभ्यासको काम

यी कार्यहरु गर्दै जाँदा तलका बक्सहरुमा चिन्ह पनि लाउँदै जानोस्।

- ☐ मित्रहरुलाई सुसमाचार प्रचार गरुन् भनेर सहयोग गर्न प्रभुसँग प्रार्थना गर्नोस् ।

- ☐ तपाईका आफ्नै परिवार र मित्रहरुलाई सुसमाचार प्रचार गर्नोस् ।

- ☐ नयाँ विश्वासीहरुलाई उनीहरुको परिवार अनि मित्रहरुसित प्रेमिलो सम्बन्ध बढाउँदै लाने (तपाईले यो अध्ययन प्रयोग गर्न सक्नुहुन्छ) अनि उनीहरुलाई साक्षी दिने (मण्डलीमा आइहाल्न कर लाउने होइन, तर उनीहरुलाई उनीहरुको घरैमा उनीहरुले आफ्नो पापको पश्चाताप गर्ने, अनि ख्रीष्टमा विश्वास गरी बप्तिस्मा लिन सक्ने गरी प्रभु येशू ख्रीष्टबारे बताउने) कला सिकाउनोस् ।

- ☐ यी नयाँ विश्वासीहरुले तुरन्तै उनीहरुको आ-आफ्ना मित्रहरु अनि आफन्तहरुलाई यसै गरी साक्षी दिन सक्ने गरी सहयोग गर्नुहोस् ।

- ☐ कन्ठस्थ गर्नोस् : प्रेरित १६:३१

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

# Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

005NP01A-01